## २०७६ साल चैत्र १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. कोरोना भाइरस (covid-19) को प्रतिकार्य, नियन्त्रण तथा रोकथामका लागि संस्थागत कार्यजिम्मेवारी तोक्ने।

२. कोरोना भाइरसको पूर्वतयारी, प्रतिकार्य र नियन्त्रणका लागि Isolation वार्ड स्थापना, संचालन, व्यवस्थापन र स्वास्थ्य औषधि तथा उपकरण खरिद सम्बन्धमा देहायबमोजिम गर्नेः

   १. कोरोना भाइरस (COVID-१९) को पूर्वतयारी, प्रतिकार्य र नियन्त्रण तथा रोकथामका लागि Isolation ward स्थापना लगायतका सम्पूर्ण व्यवस्थापन गर्न हुम्ला, जुम्ला, मुगु र कालिकोट जिल्लाको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, जाजरकोट, डोल्पा र रुकुम पश्चिम जिल्लाको लागि चौरजहारी सामुदायिक अस्पताल, रुकुम पश्चिम र प्रदेशका बाँकी जिल्ला र सिङ्गो प्रदेशका लागि समेत प्रदेश अस्पताल सुर्खेतलाई विशिष्टिकृत अस्पताल (Dedicated Hospital) को रुपमा स्थापना गरी प्रदेश अस्पताल सुर्खेत र कर्णाली  स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लालाई एक एक करोड र चौरजहारी सामुदायिक अस्पताल रुकुम पश्चिमलाई पचास लाखका दरले विपद् व्यवस्थापन कोष मार्फत रकम उपलब्ध गराउने।

   २. COVID-19 को प्रारम्भिक परीक्षण, प्रतिकार्य तथा उपचारका लागि संलग्न अनुसूची -१ बमोजिम लगायतका अत्यावश्यक सामग्रीहरु प्रचलित कानून अनुरुप द्रुत प्रक्रियाबाट खरिद र आपूर्ति व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयले कार्य गर्ने।

   ३. COVID-19 को उपचारका लागि विशिष्टिकृत अस्पताल (Dedicated Hospital) र अन्य अस्पतालबाट प्रदान हुने Isolation Ward Service, Quarantine सेवा लगायत अन्य प्रतिकार्य र उपचारका लागि संलग्न अनुसूची -२ बमोजिम विशेष प्रकृतिका स्वास्थ्य उपकरण, औषधी तथा सामग्री उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

३. प्रदेश विपद् व्यवस्थापन कोषमा कर्णाली प्रदेशका मुख्यमन्त्री  र मन्त्रीहरुले एक महिनाको पारिश्रमिक जम्मा गर्ने र सो कोषमा योगदान गर्न चाहने राष्ट्रसेवक, तथा अन्य व्यक्ति र संघसंस्थाहरुलाई सार्वजनिक आह्वान गर्ने।

*द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*